# प्रेस विज्ञप्ति

बैदेशिक रोजगार विभाग अन्तर्गतको यस ई.पि.एस. कोरिया शाखावाट मिति २०८०।०८।१९ गते प्रकाशित २०२३ को उत्पादनमूलक क्षेत्र (Manufacturing Sector) तर्फको कोरियन भाषा परीक्षाको फाराम भर्ने सूचनाको बुदा नं. ५ को (च) मा उल्लेख भएको विषयलाई लिएर २०२३ को Shipbuilding तर्फको परीक्षामा सहभागी हुनु भएका परीक्षार्थीहरुले उक्त बुदा हटाउनको लागि यस कार्यालयमा ज्ञापन पत्र पेश गरी धर्ना, जुलुस जस्ता कार्यहरु गरिरहेको सम्वन्धमा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ। उल्लिखित मितिमा प्रकाशित सूचनाको बुदा नं. ५ को (च) मा उल्लेख भएको विषय २०२३ को Shipbuilding Sector को विज्ञापनको सूचनामा समेत सन २०२३ मा हुने कुनै पनि क्षेत्रको कोरियन भाषा परीक्षामा फर्म भर्न नपाइने व्यहोरा उल्लेख गरिएको र उत्पादन तर्फ (Manufacturing Sector) को लागि प्रकाशित विज्ञापनको सूचनाको बुदा नं. ५ को (च) मा सोही व्यहोरा उल्लेख गरिएको । दक्षिण कोरिया सरकारले रोजगारका लागि नेपाल लगायत अन्य १६ वटा देशहरुवाट कामदार लैजाने र नेपाल सरकार र दक्षिण कोरिया सरकार वीच भएको सम्झौता अनुसार नेपालले G to G प्रकृयाबाट रोजगार अनुमति प्रणाली (EPS) प्रणाली मार्फत नेपाली युवाहरु दक्षिण कोरिया पठाउदै आइरहेको व्यहोरा अवगत नै छ । ज्ञापन पत्रमा उल्लेख गरिएको मागको सम्वन्धमा दक्षिण कोरियाको नेपाल स्थित सम्पर्क कार्यालय HRD Service of Korea, EPS Center Nepal र अन्य सम्बन्धित निकायहरुसगँ यस कार्यालयले छलफल गरिरहेको । सो विषयमा अन्तिम निश्कर्ष निस्कन केही समय लाग्ने देखिएकोले निष्कर्ष आउना साथ यस कार्यालयबाट सूचना प्रकाशित गरिने छ ।तसर्थ आगामि दिनहरुमा यस प्रकारको धर्ना, जुलुस जस्ता कार्यक्रमहरु स्थगन गरि निस्चित प्रकृया पुरा गरी रोजगारीको लागि आकर्षक गन्तब्य मुलुक दक्षिण कोरिया जाने सुन्दर भविष्यको पर्खाइमा बस्नु भएका तपाई युवा बर्गहरुले आफनो अध्ययन लगायतका अन्य उपलब्धिमूलक कार्यहरुमा लाग्नु हुन समेत यस विज्ञप्ति मार्फत सम्वन्धित सवैमा अनुरोध गरिन्छ ।

बैदेशिक रोजगार विभाग
ई.पि.एस.कोरिया शाखा